कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ८६ | वि.सं. २०८३ असार २४ बुधवार | नेपाल संवत्: ११४५, आषाढ कृष्ण अष्टमी | Wednesday 8 July 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# भेरी–बबईको विजुली राष्ट्रिय ग्रीडमा जोड्न १३२ केभी प्रशारण लाइन निर्माण हुने



> यो प्रशारण लाइन विस्तार गर्दा सुर्खेतको भेरीगंगा नगरपालिका-५ र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्र प्रभावित हुने जनाइएको छ।

**ओम शाही**
**सुर्खेत, २३ असार ।**

राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाबाट उत्पादन हुने विद्युतलाई राष्ट्रिय ग्रीड प्रणालीमा आवद्ध गर्न १३२ केभी प्रशारण लाइन निर्माण गरिने भएको छ। ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग अन्तर्गत कार्यान्वयन भइरहेको आयोजनाले भेरी नदीको पानी डाइभर्सन गरी बबई नदीमा झारेर कृषि प्रयोजनमा सिँचाइ सुविधा उपलब्ध गराउने र त्यसबाट करिब ४६.८ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ।

उक्त आयोजनाबाट उत्पादन हुने विद्युतलाई राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गर्ने उद्देश्यका साथ भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाले नेपाल विद्युत प्राधिकरणद्वारा निर्मित कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइनमा जोड्ने गरी करिब १.७ किलोमिटर  लम्बाईको प्रशारण लाइन प्रस्ताव गरेको हो।

प्रस्तावित सिंगल कन्डक्टरसहित मल्टी सर्किट टावरको क्षमता १३२ केभी छ। प्रस्तावित प्रसारण लाइनका जम्मा नौ वटा टावरमध्ये तीन वटा टावर बर्दिया राष्ट्रिय निकुञ्जको मुख्य क्षेत्र र बाँकी ६ टावर सोही निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्नेछन्। प्रसारण लाइनको क्षेत्राधिकार कुल १८ मिटर रहनेछ, जस अन्तर्गत प्रसारण लाइनको केन्द्रबिन्दुबाट दायाँ र बायाँतर्फ समान ९-९ मिटर क्षेत्र समेटिने आयोजनाले प्रस्ताव गरेको छ।

यो प्रशारण लाइन विस्तार गर्दा सुर्खेतको भेरीगंगा नगरपालिका-५ र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्र प्रभावित हुने जनाइएको छ। प्रस्तावक भेरी-बबईले वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा प्रभावित क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक प्रणालीमा पर्नसक्ने प्रभावका बारेमा नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सात दिन भित्र लिखित राय सुझाव दिन अनुरोध गरेको छ। यस प्रशारण आयोजनाको परामर्शदाता एनइए इन्जिनियरिङ कम्पनी रहेको छ।

## भेरी-बबईको प्रगति ७० प्रतिशत

भेरी बबई डाइभर्सन आयोजना ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत जलस्रोत तथा सिँचाइ विभागबाट कार्यान्वयन भइरहेको राष्ट्रिय गौरवको आयोजना हो। नेपाल सरकारद्वारा राष्ट्रिय गौरवको आयोजनाको रूपमा घोषणा भई नेपाल सरकारकै स्रोतमा कार्यान्वयन भइरहेको यो बहुउद्देश्यीय जलस्थानान्तरण आयोजना हो।

नेपालका हिमाली क्षेत्र स्रोत भएका नदीको पानीलाई मझौला नदीमा स्थानान्तरण गरी बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले भेरी-बबई डाइभर्सन आयोजनाको परिकल्पना गरिएको थियो। यो आयोजना नेपालका ठूला सिँचाइ परियोजनामध्ये एक हो, जसले भेरी नदीको पानीलाई १२ किलोमिटर लामो सुरुङमार्फत बबई नदीमा खसालेर बाँके र बर्दियाको झण्डै ५१ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइसँगै ४६ मेगावाट बिजुली निकाल्ने लक्ष्य राखेको छ।

भेरी नदीको पानीलाई बबई नदीमा

बाँकी ३ पेजमा

# नेपालगञ्जमा ऐतिहासिक सालिक पुनर्निमाण



**युग संवाददाता**
**बाँके, २३ असार ।**

नेपालगञ्जमा विभिन्न आन्दोलनका क्रममा तोडफोड गरी हटाइएका ऐतिहासिक सालिकहरू पुनर्निर्माण गरिएको छ। दोस्रो जनआन्दोलन २०६२/०६३ देखि गत वर्ष भदौमा भएको जेनजी आन्दोलनको क्रममा तोडफोड गरेर ढालिएका विभिन्न नेताको सालिक नेपालगञ्ज उपमहानगरपालिकाको संयोजनमा पुनर्निर्माण गरिएको हो।

विभिन्न आन्दोलनका क्रममा तोडफोड भएका सबै ऐतिहासिक सालिक पुनर्निर्माण गरिएको नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले बताए। उनका अनुसार, बीस वर्ष अघि दोस्रो जनआन्दोलन २०६२/०६३ का क्रममा तोडफोड गरिएको धम्बोझी चोकस्थित तत्कालीन राजा वीरेन्द्रदेखि जेनजी आन्दोलनका क्रममा तोडफोड भएका गणेशमान, बिपी, पुष्पलाल र सहिद सेतु विकको सालिकहरू पुनर्निर्माण गरी चोकचोकमा राखिएको छ।

सालिकसँगै चोकहरूको फाउण्डेशन पुनर्निर्माण गरिएका कारण अहिले नेपालगञ्जका चोकहरू आकर्षक देखिँदै गएको नगर प्रमुख विष्टले बताए। केही दिनभित्रै सालिकहरूको शुभारम्भ गरिने उनको भनाई छ। २०६२/०६३ को जनआन्दोलनको बेला तोडफोड भएको धम्बोझीचोकस्थित वीरेन्द्रको सालिक बीस वर्षपछि पुनःस्थापना भएको छ। राप्रपाका नेता तेजविक्रम शाहले बीस वर्षपछि सालिक पुनःस्थापना हुँदा धेरै खुसी लागेको बताए।

# कर्णाली नदीमा वेपत्ता भएका एक जनाको शव फेला

**युग संवाददाता**
**सुर्खेत, २३ असार ।**

कर्णाली नदीमा फोर्स गाडी खस्दा वेपत्ता भएका एक जनाको शव भेटिएको छ। बिहीबार (१८ असार) बिहान झण्डै ११:३० बजेको समयमा सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको गाडी दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ स्थित साँगेतडा क्षेत्रबाट कर्णाली नदीमा खसेको थियो।

उक्त गाडीमा सवार कालीकोट पचालझरना गाउँपालिका-९ का मेखे (मेगे) तिरुवाको शव पहिचान भएको हो। सोमबार गाडी खसेको स्थानदेखि झण्डै एक सय ५० किलोमिटर तल कैलालीको मोहन्याल गाउँपालिकाको सोल्टास्थित कर्णाली नदीको किनारमा एक पुरुषको शव फेला परेको थियो।

मंगलबार उनका २५ वर्षीय छोरा रविन्द्र तिरुवाले बुवाको शव पहिचान गरेको जिल्ला प्रहरी कार्याल दैलेखले जनाएको छ। रविन्द्रले कालीकोटबाट कैलालीस्थित टिकापुर अस्पताल पुगेर बुवाको शव पहिचान गरेका हुन्। उक्त दुर्घटना परी मृतकका भाई जेखे तिरुवाको पनि मृत्यु भएको छ। उनको शव घटना घटेकै दिन भेटिएको थियो। उक्त दुर्घटनामा कर्णाली नदीमा खसेको गाडी र अन्य ३ जना यात्रुको अवस्था अझै अज्ञात छ।

घटना घटे लगत्तै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको उद्धार टोली ६ दिन यता निरन्तर खोजीमा खटिएको छ। दुर्घटनाग्रस्त गाडी र यात्रुको खोजीमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले हेलिकोप्टर, ड्रोन, म्याग्नेट, सोनार क्यामेरा तथा गोताखोरको सहायताले खोजीलाई निरन्तरता दिइरहेको छ। प्रहरीका अनुसार खोजीमा सुरक्षा निकायका झण्डै दुई सय जनशक्ति खटिएका छन्। तर, कर्णाली नदीको पानी अध्याधिक धमिलो र उच्च बहावका कारण खोजी कार्यमा सकस भइरहेको छ।

# जुम्लामा सिँचाइका लागि कुलो निर्माण भएपछि किसानलाई सहज

**युग संवाददाता**
**जुम्ला, २३ असार ।**

कृषि विकास कार्यालय जुम्लाले सिँचाइका लागि पक्की कुलो निर्माण गरेपछि यहाँका किसानलाई सहज भएको छ। कार्यालयले तिला गाउँपालिका-४ मा रु १४ लाख २८ हजार अनुदान रकम र तीन लाख ७२ हजार अनुदानग्राहीको सहभागितामा उपभोक्ता समितिबाट पक्की सिँचाइ कुलो निर्माण गरिएको हो।

पक्की कुलो र ट्याङ्की निर्माण भएपछि यहाँका एक सयभन्दा बढी किसान लाभान्वित भएका कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले बताए। उनका अनुसार तातोपानी गाउँपालिका-१ मा रु १४ लाख ४० हजार अनुदानमा पक्की कुलो निर्माण सम्पन्न भएको छ। खेतमा कृषि सिँचाइ पक्की कुलो निर्माण भएपछि उक्त वडाका करिब ४२५ जना लाभग्राहीलाई सहज भएको उनले जानकारी दिए।

त्यसैगरी, कार्यालयले स्याउ ओखर विकास कार्यक्रमअन्तर्गत तातोपानी-५ स्थित ऐरेनीमा रहेको घराला तरकारी उत्पादन उद्योगलाई स्याउका बिरुवा खरिद, खाडल खन्ने, पानी तान्ने मोटर र बगैँचा घेराबारमा रु पाँच लाख ५२ हजार अनुदान प्रदान गरेको कार्यालय प्रमुख अधिकारीले बताए।

पातारासी-६ मा कार्यालयले तरकारी सिँचाइ प्रवर्द्धन कार्यक्रम, नर्सरी स्थापना तथा व्यवस्थापन र नौमुडे बहुद्देश्यीय कृषि फार्मलाई पनि अनुदान वितरण गरिएको कृषि विकास कार्यालयले जनाएको छ। जिल्ला समन्वय समितिका प्रमुख गैरीनन्द आचार्यले कार्यालयबाट प्राप्त गरेका अनुदानका ठूला योजनाको दीर्घकालीन रूपमा कार्यान्वय गर्नका लागि थप जिम्मेवारी भएर कार्यालयले गुणस्तरीय काम गर्ने आवश्यक रहेको बताए।

पक्की कुलो निर्माण भएपछि मार्सीधान लगाएको खेतबारीमा सिँचाइ गर्ने सहज भएको तातोपानी गाउँपालिका-१ का स्थानीय कलबहादुर कठायतले जानकारी दिए। चालु आवभित्र सम्पन्न भएका कृषि विकास कार्यालयका तिला, तातोपानी र पातारासी गाउँपालिकामा निर्माण सम्पन्न भएका विभिन्न योजना कार्यक्रमको सरोकारवालबाट संयुक्त रुपमा सोमबार अनुगमन गरिएको कृषि विकास कार्यालय जुम्लाले जनाएको।



## सम्पादकीय....

# कर्णालीको चित्कारमा राज्यको उदासिनता


सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको गाडी दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ स्थित साँगेतडाबाट कर्णाली नदीमा खसेको एक साता पुगेका छ। नदीमा बेपत्ता गाडी र त्यसमा सवार यात्रुको अवस्था अझै अज्ञात छ। विडम्बनाको कुरा त के छ भने दुर्घटनामा परेका यात्रुहरूको यकिन तथ्याङ्कसमेत राज्यसँग छैन। यातायात व्यवसायीको अभिलेखमा पाँच जनाको टिकट काटिएको देखिए पनि बीच बाटोमा अरू यात्रु थपिएको अनुमान सुरक्षा निकायको छ। यसरी नागरिकको जीवनको लेखाजोखा नै नहुने अवस्थाले हाम्रो यातायात प्रणाली र नियमनको लज्जास्पद तस्बिर छरपस्ट पारेको छ। दुर्घटनालगत्तै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका झण्डै दुई सय जनशक्ति खोजीमा खटिएका छन्। हेलिकोप्टर, ड्रोन, म्याग्नेट, सोनार क्यामेरा तथा गोताखोरको सहायताले बर्दियासम्मको कर्णाली नदी बेसिनमा सघन खोजतलास भइरहेको दाबी गरिएको छ। तर, कर्णालीको अत्यधिक धमिलो पानी र उच्च बहावका कारण यी सबै प्रयासहरू बालुवामा पानी हालेजस्तै निरर्थक साबित भएका छन्। विज्ञहरूका अनुसार नेपालका उच्च बहाव र धमिलो पानी भएका नदीहरूमा हाल प्रयोग भइरहेको प्रविधि पूर्णतः असफल छ।

यसअघि २०८१ असारमा चितवनको सिमलतालमा त्रिशूली नदीमा खसेका दुईवटा रात्रि बस र यात्रुहरू पत्ता लगाउन नसकेर खोज स्थगित गरिएको घटनाले यो प्रविधिगत लाचारी पुष्टि गरिसकेको छ। विपद् प्रतिकार्यका लागि आवश्यक पर्याप्त स्रोत, आधुनिक साधन र दक्ष जनशक्तिको चरम अभाव आजको तीतो यथार्थ हो। यो दुर्घटनामा मात्र होइन राज्यले कर्णालीमा घट्ने हरेक घटनामा ढिलो उपस्थिती जनाउँछ। दुर्घटनापछि कर्णालीबाट प्रतिनिधित्व गर्ने सांसदहरुले सरकारको चर्को आलोचना गरेका छन्। 'के कर्णालीका जनता यो देशका नागरिक होइनन ? यदि कर्णाली पनि नेपाल हो भने विपद् को बेला राज्य किन अनुपस्थित हुन्छ ?' भन्दै सांसदहरूले सिंहदरबारलाई गम्भीर प्रश्न गरेका छन्। दुर्घटनापछि नदीको बीचमा फसेका नागरिकहरूले गुहार माग्दासमेत समयमै उद्धार टोली नपुग्नु र सुरक्षाकर्मी पुग्नै पाँच घण्टा लाग्नुले राज्यको लाचारी स्पष्ट पार्छ। विडम्बना, आकाशमा मन्त्री बोक्ने हेलिकोप्टर उडिरहँदा नदीमा नागरिकहरू डुबिरहेका हुन्छन्। राजधानीका सुविधासम्पन्न तारे होटलहरूमा बसेर 'आहा कर्णाली ! स्वर्गकी रानी' भन्दै भाषण छाँट्ने शासकहरूले कर्णालीका जनताले 'स्वर्ग' देख्न मरेरै जानुपर्ने हो कि भन्ने प्रश्नको जवाफ दिनैपर्छ।

कर्णाली राजमार्ग आज सडक नभएर 'मृत्युमार्ग' जस्तो बनेको छ। सुरक्षा चेकपोस्टहरूमा घण्टौं गाडी रोकिने र पछि चालकले समय समात्न तीव्र गतिमा कुदाउने प्रवृत्तिले दुर्घटनाको जोखिम झन् बढाएको बताइन्छ। अब कर्णालीलाई खोक्रो सहानुभूति वा दया होइन, नागरिक सरहको समान व्यवहार र सुरक्षित सडकको अधिकार चाहिएको छ। सरकारले यस दुर्घटनाको सत्यतथ्य तत्काल सार्वजनिक गरोस्, उद्धारमा भएको ढिलाइको जिम्मेवारी निर्धारण गरोस् र सडक मापदण्ड सुधारमा ठोस कदम चालोस्। नागरिकको जिउधनको रक्षा गर्न नसक्ने राज्य संयन्त्रको औचित्य रहँदैन; तसर्थ, कर्णालीको यो चीत्कारलाई केन्द्र सरकारले बेलैमा सुनोस्। विपद्पछि रोइकराई गर्नुको साटो विपद्पूर्व नै आवश्यक तयारी गर्नतर्फ ध्यान दिइनु पर्दछ। सडक दुर्घटनाको कारण मापदण्डविपरितका सडकहरु हुन्। जबसम्म कर्णालीमा सडकका नाममा कोरिएका धर्साहरु सुरक्षित र मापदण्डसहितका बन्दैनन्, तबसम्म नागरिकले भगवान भरोसामा यात्रा गर्नुपर्ने बाध्यता कदापी अन्त्य हुनेछैन।

## विश्व

# टेलिग्राम प्रतिबन्धविरुद्धको अपिललाई अदालतले गर्‍यो खारेज




**नयाँदिल्ली, २३ असार।**
भारतको एक अदालतले सामाजिक सञ्जाल एप टेलिग्रामले अस्थायी प्रतिबन्धविरुद्ध गरेको अपिल खारेज गरेको छ। टेलिग्राम र भारतीय अधिकारीबिचको बन्दकोठामा भएको सुनुवाइपछि नयाँदिल्ली उच्च अदालतले प्रतिबन्धविरुद्धको अपिल खारेज गरेको हो।

केही साताअघि चुहावट भएका परीक्षा प्रश्न बेच्न टेलिग्रामको प्रयोग भइरहेको आरोपमा भारतले उक्त एपलाई ब्लक गरेको थियो। एप ट्र्याकिङ डेटाका अनुसार प्रतिबन्धले टेलिग्रामलाई अफलाइन बनायो र यस हप्ताको सुरुमा एप स्टोरबाट हटाइयो। प्लाटफर्ममा रहेका च्यानलले स्नातक चिकित्सा प्रवेश परीक्षाका प्रश्न बेचेको भारतको सूचना प्रविधि मन्त्रालयले बताएको छ।

नक्कली प्रश्नहरूले उम्मेदवारहरूलाई बहकाउन सक्ने मन्त्रालयले जनाएको छ।

प्रश्नहरू पहिले नै चुहावट गरेको आरोपपछि एक महिनाअघि भारतले परीक्षाको नतिजा रद्द गरेको थियो। यो मुद्दा यस वर्ष विश्वव्यापी प्रविधि कम्पनी र भारत सरकारबिच सबैभन्दा नजिकबाट हेरिएको कानुनी द्वन्द्वमध्ये एक हो। दिल्ली उच्च अदालतका न्यायाधीश तेजस कारियाले सरकारले एपमाथि प्रतिबन्ध लगाउने आदेशहरू तर्कसंगत भएको र कानुनी प्रक्रियालाई कडाइका साथ पालना गरेको बताए।

भारत टेलिग्रामको सबैभन्दा ठुलो बजार हो, जहाँ १५ करोडभन्दा बढी प्रयोगकर्ता छन्। संस्थापक पावेल डुरोभले सार्वजनिक रूपमा प्रतिबन्धको आलोचना गर्दै यसले प्लाटफर्मका प्रयोगकर्तालाई दण्डित गरेको बताए।

# के संघियतामा राज्य शक्तिको विभाजन केन्द्र र स्थानीय तह वीच हुन सक्दैन ?



उपेन्द्र वहादुर विक

> सानो भूगोल, कम जनसंख्या र सीमित स्रोत भएको मुलुकका लागि दुई तहको संघीयता व्यवहारिक हुने प्रमाण यहीबाट पाइन्छ।

संघियतामा राज्य शक्तिको विभाजन केन्द्र र स्थानीय तहबीच हुन सक्दैन भन्ने धारणा पूर्णतः सही होइन। संघीयता मूलतः केन्द्र र प्रदेश/राज्यबीच अधिकार बाँड्ने व्यवस्था हो, तर कतिपय संघीय देशहरूमा केन्द्र, प्रदेश र स्थानीय तहबीच पनि शक्तिको बाँडफाँट गरिएको पाइन्छ। नेपालको संविधानले केन्द्र, प्रदेश र स्थानीय तहलाई सरकारको रूपमा स्वीकार गरेर तिनै तहबीच अधिकारको स्पष्ट बाँडफाँट गरेको छ। त्यसैले, संघीय व्यवस्थामा केन्द्र र स्थानीय तहबीच पनि प्रत्यक्षरूपमा अधिकार बाँडफाँट गर्न सकिन्छ। अर्थात्, संघीयतामा राज्य शक्तिको विभाजन केवल केन्द्र र प्रदेशबीच मात्र सिमित हुनुपर्छ भन्ने छैन। नेपालको जस्तो त्रि-स्तरीय संघीय संरचनामा केन्द्र र स्थानीय तहबीच पनि अधिकार छुट्याइएको छ। यसले स्थानीय तहलाई सशक्त बनाउने, जनताको सेवा नजिक पुगाउने र समावेशी शासन सुनिश्चित गर्न मद्दत गर्छ।

नेपालको संघीयता २०७२ सालको संविधानमा आधारित रहेर लागू गरिएको भए पनि व्यवहारमा यसले अपेक्षित परिणाम दिन नसकेको बहस चलिरहेको छ। तीन तहको सरकार (संघ, प्रदेश, स्थानीय) व्यवस्थाले शक्ति विकेन्द्रीकरण, समावेशीता, र पहिचानलाई सम्बोधन गर्ने उद्देश्य राखेको भए पनि प्रदेश तहको औचित्य र प्रभावकारितामाथि प्रश्न उठ्न थालेका छन्। प्रदेश सरकारको सञ्चालनमा ठूलो आर्थिक बोझ, प्रशासनिक जटिलता, र नीति कार्यान्वयनमा द्वन्द्व देखिन थालेपछि केन्द्र र स्थानीय तह मात्रै रहने दुई तहको संघीयता उपयुक्त हुने तर्क व्यापक हुँदै गएको छ।

नेपालजस्तो सानो भौगोलिक क्षेत्र, सीमित स्रोत र साधन, र अल्पसंख्यक जनसंख्या भएको मुलुकमा तीन तहको सरकार भन्दा केन्द्र र स्थानीय तह मात्रै प्रभावकारी हुने प्रमाणहरू देखिन्छन्। प्रदेश तहले दोहोरिएको प्रशासनिक संरचना सिर्जना गरेको छ, जसले राज्यको खर्च बढाएको छ। प्रदेश संसद, मन्त्रिपरिषद्, मन्त्रालय, कर्मचारी संरचना, तलबभत्ता, कार्यालय खर्चजस्ता शिर्षकमा ठूलो बजेट खर्च भइरहेको छ, जबकि जनतासम्म सेवा प्रवाह र विकासमा उल्लेख्य सुधार हुन सकेको छैन।

प्रदेश तहका कारण अधिकारको अस्पष्टता र कार्यक्षेत्रको दोहोरोपन देखिन्छ। कतिपय नीति, योजना तथा बजेट कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय सबै तहको संलग्नता आवश्यक पर्छ, जसले जिम्मेवारी अस्पष्ट बनाउँछ। यसले प्रशासनिक ढिलासुस्ती, झन्झट, र अनावश्यक विवाद सिर्जना गर्छ। उदाहरणका लागि, शिक्षा, स्वास्थ्य, कृषि, यातायातजस्ता क्षेत्रको नीति निर्माण तथा कार्यान्वयनमा अधिकारको स्पष्टता नहुँदा जनस्तरमा असन्तुष्टि बढेको छ।

अर्कोतर्फ, स्थानीय तहमा अधिकार सशक्त रुपले स्थानान्तरण गर्दा जनतासम्म सेवा, योजना र विकास कार्यक्रम प्रभावकारी ढंगले पुग्न सक्छ। २०७४ सालको स्थानीय निर्बाचनपछि स्थानीय सरकार सशक्त बनेसँगै नागरिकले शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि, सहुलियत सेवा, सामाजिक सुरक्षा भत्ता, महिला सशक्तीकरण, युवा उद्यमशीलता लगायतका क्षेत्रमा प्रत्यक्ष लाभ पाएका छन्। कोरोना महामारीको समयमा स्थानीय सरकारको सक्रियता र सहजीकरणले जनस्वास्थ्य संरक्षणमा उल्लेख्य भूमिका खेलेको थियो, जसले स्थानीय शासन सशक्त हुँदा प्रत्यक्ष सेवा प्रवाह कसरी सुधारिन्छ भन्ने प्रमाणित गर्छ।

अन्तर्राष्ट्रिय सन्दर्भमा हेर्दा, कतिपय मुलुकमा दुई तहको संघीयता प्रणाली सफल देखिएको छ। स्विट्जरल्याण्ड, बेल्जियम, दक्षिण अफ्रिका जस्ता मुलुकमा केन्द्रीय र स्थानीय सरकार सशक्त छन्। त्यहाँ स्थानीय सरकारलाई नीति निर्माण, बजेट व्यवस्थापन, र सेवा प्रवाहमा उच्च अधिकार दिइएको छ, जसले नागरिकको सहभागिता, जवाफदेहिता र पारदर्शिता वृद्धि गरेको छ। सानो भूगोल, कम जनसंख्या र सीमित स्रोत भएको मुलुकका लागि दुई तहको संघीयता व्यवहारिक हुने प्रमाण यहीबाट पाइन्छ।

प्रदेश सीमांकन, नामकरण, राजधानी चयन, अधिकार बाँडफाँड, बजेट विभाजन लगायतका विषयमा नेपालमा निरन्तर विवाद देखिएको छ। कतिपय प्रदेशमा सामाजिक विभाजन, जातीय असन्तुलन, र राजनीतिक असहमतिले प्रदेश संरचना नै अस्थिर देखिएको छ। प्रदेश सरकारबीच समन्वयको अभाव, संघ-प्रदेश-स्थानीय तहबीच द्वन्द्व, नीति र बजेटमा असन्तुलन, र दोहोरिएको प्रशासनिक संरचनाले राज्यको सञ्चालन झन् जटिल बनाएको छ।

प्रदेश तह खारेज गर्दा प्रशासनिक संरचना सरल, पारदर्शी र सस्तो हुन्छ। संघले नीति निर्माण, अन्तर्राष्ट्रिय सम्बन्ध, सुरक्षा, रक्षा, न्याय, राष्ट्रिय योजना, स्रोत व्यवस्थापन जस्ता विषय हेर्छ भने स्थानीय तहले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, स्थानीय विकास, सामाजिक सुरक्षा, महिला तथा बालबालिका उत्थान, युवा सशक्तीकरणलगायत जिम्मेवारी प्रभावकारी ढंगले वहन गर्न सक्छ। अधिकार, स्रोत, र जिम्मेवारीको स्पष्ट विभाजनले प्रशासनिक व्यवस्था सरल, पारदर्शी तथा जनमुखी हुन्छ। दुई तहको संघीयता लागू गर्दा संविधान संशोधन आवश्यक हुन्छ। राजनीतिक दल, नागरिक समाज, विज्ञ, तथा सरोकारवालाबीच सहमति र संवादबाट नयाँ संरचनाको खाका बनाउन सकिन्छ। संघ र स्थानीय तहबीच अधिकार, स्रोत र जिम्मेवारीको स्पष्ट बाँडफाँड, नीति तथा योजना निर्माणमा समन्वय, अनुगमन र मूल्यांकन संयन्त्र बलियो बनाउनु आवश्यक हुन्छ। स्थानीय तहलाई सशक्त बनाउन प्रशासनिक क्षमता, सूचना प्रविधि, मानव संसाधन, र आर्थिक स्रोतमा लगानी गर्नुपर्छ।

नेपालको सन्दर्भमा स्थानीय सरकारको पहुँच, सेवा प्रवाह र विकासमा उल्लेख्य सुधार देखिएको छ। २०७४ सालको स्थानीय निर्वाचनपछि महिला, दलित, अल्पसंख्यक, आदिवासी जनजाति, मुस्लिम, पिछडिएको समुदायका प्रतिनिधिहरू स्थानीय सरकारको नेतृत्वमा आएका छन्। यसबाट समावेशी शासन, पहिचानको सम्मान, र सहभागितामूलक विकास सम्भव भएको छ। प्रदेश तह नहुँदा पनि स्थानीय सरकारमार्फत जातीय, भाषिक, सांस्कृतिक, र क्षेत्रीय विविधताको संरक्षण तथा प्रवर्द्धन गर्न सकिन्छ।

प्रदेश सरकारको प्रशासकीय संरचना हटाउँदा राज्यको ठूलो आर्थिक स्रोत बचत हुन्छ, जुन स्रोत प्रत्यक्ष स्थानीय तहमा लगानी गर्न सकिन्छ। संघीयता लागू गर्दा प्रदेश तहको खर्च राज्यलाई बोक्न गाह्रो भएको छ भन्ने तथ्य अडिट रिपोर्ट, आर्थिक सर्वेक्षण, र विभिन्न अध्ययनहरूले पुष्टि गरेका छन्। स्थानीय तहलाई सशक्त बनाएर सेवा प्रवाहमा स्रोत केन्द्रित गर्दा विकासको गति तीव्र, प्रभावकारी र जनमुखी हुन्छ।

प्रदेश तह खारेज गर्दा प्रारम्भमा केही प्रशासनिक र राजनीतिक चुनौती आउन सक्छ। संघ-स्थानीय समन्वय, नीति निर्माण, नीति कार्यान्वयन, स्रोत वितरणलगायत विषयमा अन्यौल सिर्जना हुन सक्छ। तर, स्पष्ट नीति, कानुनी र प्रशासनिक गाइडलाइन, अनुगमन संयन्त्र, र क्षमता विकास कार्यक्रममार्फत यी चुनौती समाधान गर्न सकिन्छ।

नेपालमा दुई तहको संघीयता लागू गर्दा राज्य सञ्चालन सरल, पारदर्शी, सस्तो, र जनउत्तरदायी हुन्छ। नागरिकको सहभागिता, पहुँच, र सेवा प्रवाहमा सुधार आउँछ। आर्थिक स्रोतको अधिकतम उपयोग हुन्छ, दोहोरिएको प्रशासन र अनावश्यक खर्च हट्छ। केन्द्र र स्थानीय तहबीच सशक्त समन्वय, जवाफदेहिता, र पारदर्शिता कायम गर्न सकिन्छ।

नेपालमा प्रदेश सभाको विरोध मुख्य रूपमा खर्चिलो संरचना, दोहोरो अधिकार व्यवस्थापन, र कार्यक्षमतामा देखिएको कमजोरीका कारण भइरहेको छ। धेरै नागरिक र केही राजनीतिक दलहरूको धारणा छ कि प्रदेश सरकारहरूले अपेक्षित सेवा, विकास र सुशासन दिन सकेका छैनन्। प्रदेश सरकार सञ्चालन गर्दा व्यापक खर्च, प्रशासनिक झन्झट, अनि प्रदेश सांसद तथा मन्त्रीहरूको भूमिका अस्पष्ट भएको भन्ने गुनासो छ। यसबाहेक, प्रदेश र केन्द्र तथा स्थानीय तहबीच अधिकारको स्पष्ट सीमा नहुँदा नीतिगत द्वन्द्व र दोहोरोपन देखिएको छ। कतिपयले प्रदेश सभा खारेज गर्नुपर्ने वा संख्या घटाउनुपर्ने माग गरेका छन्, किनभने यो तह जनताको जीवनमा खासै प्रभावकारी भएको अनुभव छैन। यी कारणहरूले प्रदेश सभाको औचित्यमाथि प्रश्न उठ्दै विरोध भइरहेका छन्।समग्रमा, नेपालको भौगोलिक, जनसंख्या, सामाजिक संरचना, आर्थिक स्रोत, र प्रशासनिक क्षमताको सन्दर्भमा केन्द्र र स्थानीय तह मात्रै रहने दुई तहको संघीयता दीगो, व्यवहारिक, पारदर्शी, र जनमुखी देखिन्छ। यसका लागि आवश्यक राजनीतिक सहमति, कानुनी संशोधन, प्रशासनिक सुधार, र समावेशी संरचना निर्माणमा ध्यान दिनुपर्छ। दुई तहको संघीयता लागू गर्दा नेपालमा समावेशी, उत्तरदायी, र सशक्त स्थानीय शासन सम्भव हुन्छ भन्ने प्रमाणित छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ। आशा देखाउनेहरूको भरपर्दा धोका पाइएला। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ।

**वृष** – नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ।

**मिथुन** – पुरुषार्थी काम गर्दै लक्ष्य प्राप्त गर्ने समय छ। रुचिका विषयमा लगानी बढाउने अवसर प्राप्त हुनेछ। तारिफयोग्य कामको चर्चा हुनेछ।

**कर्कट** – अध्ययनमा प्रगति गर्दै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्ने छन्।

**सिंह** – श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य कम मात्र पाइएला। आफ्नो क्षेत्रमा अरूले हस्तक्षेप गर्न सक्छन्। अरूका लागि बुद्धि खर्चनुपर्नेछ।

**कन्या** – खानपानको असावधानीले स्वास्थ्य प्रतिकूल रहला। आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन्। काम बिग्रने भयले पनि सताउनेछ।

**तुला** – पहिरन र योग्यताले व्यक्तित्वमा निखारता आउनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। घुमफिर तथा मनोरञ्जनको समय छ।

**वृश्चिक** – शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ।

**धनु** – नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउन सक्छ। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला।

**मकर** – अस्वस्थताले कमजोरी अनुभव हुनेछ। अध्ययन र बौद्धिक काममा पछि परिनेछ भने व्यापारमा सोचेको फाइदा नउठ्ने देखिन्छ।

**कुम्भ** – आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ। खर्च हुने डरले सताउन सक्छ।

**मीन** – समय फुर्सदिलो रहनाले रमाइलो भेटघाट गर्ने अवसर प्राप्त हुनेछ। प्रतिष्ठा, मान-सम्मान आदि पाइनेछ। काममा साथ दिनेहरू बढ्नेछन्।

# कर्णालीका ४६ स्थानीय तहमा मौसम मापन केन्द्र




**युग संवाददाता**
**सुर्खेत, २३ असार ।**

कर्णालीका ४६ स्थानीय तहमा मौसम मापन केन्द्र सञ्चालनमा आएका छन् । उनान्नअसी वटा स्थानीय तहमध्ये अब बाँकी ३३ स्थानीय तहमा मौसम मापन केन्द्र स्थापना हुन बाँकी छ। जल तथा मौसम विज्ञान कार्यालय सुर्खेतका प्रमुख डा इन्दिरा कँडेलले भने, “कर्णालीमा मौसम मापन केन्द्र ७१ वटा सञ्चालनमा छन् । जलमापन केन्द्र ३१ सञ्चालनमा छन् । दुई वटा हेर्नका लागि जनशक्ति नहुँदा काम हुन सकेको छैन ।”

त्यस्तै, दैलेख र सुर्खेतको सिमानास्थित गुँरासेमा मौसम राडान केन्द्र लामो समयदेखि बन्द रहेका कँडेलले जानकारी दिए। उनका अनुसार चट्याङ्ले क्षति पुऱ्याएपछि दुई वर्षदेखि ती केन्द्र प्रयोगमा आउन सकेका छैनन् ।

कर्णाली, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशको मौसमसम्बन्धी जानकारी दिने उद्देश्यले यी राडार स्थापना गरिएको थियो । हाल ती राडारमा जडान गर्ने उपकरण विदेशबाट खरिद भए पनि जडान गर्ने जनशक्ति नेपालमा नभएकाले समस्या भएको भन्दै आगामी वर्ष जडान गरी सञ्चालनमा ल्याउने तयारी भइरहेको डा कँडेलले जानकारी दिए। मौसम मापन केन्द्रको अभावले स्थानीयस्तरको मौसमीय अवस्था यथार्थ रूपमा विश्लेषण गर्न कठिन हुने गरेको उनले बताए। “स्थानीय तहमा केन्द्र नहुँदा त्यहाँको वास्तविक वर्षा, तापक्रम वा अन्य मौसमीय अवस्थाको तथ्याङ्क उपलब्ध हुँदैन”, उनले भने, “यसले बाढी, पहिरो, अतिवृष्टि तथा अन्य प्राकृतिक विपद्को पूर्वानुमान र समयमै पूर्वसूचना प्रवाहमा प्रत्यक्ष असर पार्छ ।”

# ‘विपद्को आँधी चल्दा चुल्हो निभ्नु हुँदैन’

**मालती केसी**
**सुर्खेत, २३ असार ।**

बाहिर आकाशबाट मुसलधारे पानी परिरहँदा कर्णाली प्रदेशको राजधानी सुर्खेतको एउटा हलभित्र भने विपद् आउनुअगावै कसरी तयारी अवस्थामा रहने र विपद् आइहाले कसरी सबैभन्दा कमजोर वर्गलाई जोगाउने भन्नेबारे गम्भीर मन्थन चलिरहेको थियो ।

युरोपियन युनियनको मानवीय सहायता को आर्थिक सहयोगमा युएनडिपी, युनिसेफ, युएन वुमेन र ह्यान्डीकैप इन्टरनेसनल साझेदारी र रोयम नेपाल द्वारा गठित (नागरिक समाज संस्थाहरूको कार्यमञ्च) को समन्वयमा आयोजित तीन दिने ‘लैङ्गिक समानता, अपाङ्गता समावेशीकरण तथा सामाजिक समावेशीकरण’ उत्तरदायी विपद् पूर्वतयारी तथा मानवीय कार्यको संस्थागत सबलीकरण कार्यशाला मंगलबार सम्पन्न भएको छ ।

यो केवल औपचारिक भाषण र कागजी योजनाहरूको गफगाफ मात्र थिएन, बरु तीन दिनको कार्यसूची भित्र बाँधिएका प्रत्येक कक्षा र सत्रहरूले विपद् व्यवस्थापनको परम्परागत शैलीलाई बदल्ने नयाँ निष्कर्षहरू जन्माएका थिए । कथाको सुरुआत पहिलो दिन सहभागीहरूको अपेक्षाहरू संकलन र पूर्व-परीक्षणबाट भयो ।

त्यसपछिको ‘विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा नीतिगत प्रतिबद्धता र नागरिक समाज संस्था हरूको समन्वय कार्य मञ्च सम्बन्धी विशेष कक्षाले एउटा तीतो सत्य उजागर गऱ्यो– हाम्रा नीतिहरू कागजमा त उत्कृष्ट छनू, तर तिनलाई व्यवहारमा उतार्न स्थानीय तहमा समावेशी नेतृत्वको खाँचो छ ।



नागरिक समाज संस्था हरूको समन्वय कार्य मञ्चका लागि उत्तरदायी कार्यविधिको परिचय र मस्यौदा लेखन’ सम्बन्धी प्रयोगात्मक कक्षाले के निष्कर्ष निकाल्यो भने–कुनै पनि संस्थासँग विपद् आउनुअगावै महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी राहत दिने भन्ने लिखित र स्पष्ट कार्यविधि भएन भने आपत्कालीन अवस्थामा ठूलो भद्रगोल मच्चिन्छ ।

त्यसैले पूर्वतयारीको पहिलो खुड्किलो नै बलियो कार्यविधि हो।दोस्रो दिनको बिहानी समीक्षा सत्र सकिएलगतै कार्यशालाको सबैभन्दा महत्त्वपूर्ण पाटो ‘विखण्डित तथ्यांकको प्रयोग’ सम्बन्धी कक्षा सुरु भयो । यो सत्रले विपद् व्यवस्थापनमा तथ्यांकको भूमिकालाई एक नयाँ दृष्टिकोणबाट हेर्न सिकाएको थियो ।

गाउँमा बाढी वा पहिरो जाँदा कति घर बगे भन्ने तथ्यांक मात्र पर्याप्त हुँदैन; त्यहाँ कति गर्भवती महिला छन्, कति नवजात शिशु छन् र कति अपाङ्गता भएका व्यक्तिहरू छन् भन्ने कुराको ठ्याक्कै वर्गीकरण हुनुपर्छ । यो कक्षाको निष्कर्ष थियो–स्थानीय तहसम्मै विखण्डित तथ्यांक प्रणाली चुस्त नभएसम्म लक्षित राहत पुऱ्याउन असम्भव छ ।

त्यस्तै कार्यशालाको दिनको उत्तरार्धमा सञ्चालित ‘आपत्कालीन अवस्थामा सामुदायिक भान्छा सिकाई, प्रमाण र नागरिक समाजको भूमिका’ कक्षाले एउटा भावनात्मक र व्यवहारिक बहस छोड्यो । संकटका बेला मानिसहरू केवल ज्यान जोगाउन मात्र दौडिँदैननू, उनीहरूको भोक र पोषणको अधिकार पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ, जसलाई स्थानीय संस्थाहरूले सम्बोधन गर्नैपर्छ ।

कार्यशालाको तेस्रो तथा अन्तिम दिनको कथा झनै रोचक र प्रयोगात्मक रह्यो । ‘आपत्कालीन अवस्थामा सामुदायिक भान्छाको सञ्चालनः मार्गदर्शन र योजना’ सम्बन्धी सैद्धान्तिक ज्ञान लगत्तै सहभागीहरू हलभित्रै एउटा काल्पनिक संकटको सामना गर्न प्रयोगात्मक अभ्यासमा उत्रिए ।

भूकम्प वा बाढी आएको बेला थोरै समयमा धेरै मानिसका लागि कसरी सुरक्षित र पोषणयुक्त खाना तयार गर्ने, स्थानीय स्रोतको कसरी उपयोग गर्ने र विभिन्न संस्थाहरूबीच कसरी समन्वय गर्ने भन्ने कुरा उनीहरूले प्रत्यक्ष अभ्यास गरे । यस व्यवहारिक कक्षाले के निचोड निकाल्यो भने–आपत्कालीन अवस्थामा ‘सामुदायिक भान्छा’ जस्तो अवधारणाले पछाडि पारिएका वर्गको सुरक्षा र खानाको अधिकार ग्यारेन्टी गर्छ, तर यसका लागि पूर्वयोजना र संस्थाहरूबीचको समन्वय ढुङ्गाको अक्षर जस्तै बलियो हुनुपर्छ ।

युएन वुमेन नेपालका विपद् जोखिम न्यूनीकरण विज्ञद्वय श्री नविन दाहाल र सुश्री शक्ति गुरुङले सहजीकरण गरेको यस तीन दिने यात्राको अन्त्य सहभागीहरूको अन्तिम सिकाई मापन बाट भयो । कार्यशाला सकिएर हलबाट बाहिर निस्कँदै गर्दा सहभागीहरूका अनुहारमा केही नयाँ गरेर देखाउने उत्साह देखिन्थ्यो । उनीहरू केवल प्रमाणपत्र मात्र लिएर गइरहेका थिएनन्, बरु विपद्को समयमा कर्णालीका कुनै पनि नागरिकको चुल्हो निभ्न नदिने र कोही पनि समावेशीकरणबाट नछुट्ने एउटा व्यवहारिक मार्गचित्र बोकेर आफ्नो कार्यक्षेत्रतर्फ फर्किएका थिए ।

# बाढीजन्य विपद्‌बाट जोगिन समुदाय नै सक्रिय

**युग संवाददाता**
**कैलाली, २३ असार ।**

कैलाली जिल्लामा बाढीजन्य विपद्‌बाट जोगिन समुदाय नै सक्रिय रहेको पाइएको छ । स्थानीय टीकापुर नगरपालिका, जानकी गाउँपालिका र भजनी नगरपालिकावासी विपद् व्यवस्थापन समितिमा रहेर बाढीजन्य विपद्को सामना गर्न क्षमता बढाउन सक्रिय छन् ।

बाढीपहिरो, डुबानलगायतका विपद्का बेला खोज तथा उद्धारका लागि सहयोग माग्नुभन्दा आफैँ जुट्नुपर्छ भनी हरेक नागरिकको भूमिका र जिम्मेवारी तोकिएको छ । टीकापुर नगरपालिका-७ का नागरिकलाई बर्खा लागेपछि बाढीजन्य विपद्को त्रासले सताउने गरेको छ ।

बाढीजन्य विपद्‌बाट जोगिन समुदायमा रहेको विपद् व्यवस्थापन समितिमा खोज तथा उद्धार कार्यदल, प्राथमिक उपचार कार्यदल, महिला कार्यदल, पूर्वसूचना कार्यदल बनाएर सक्रियता बढाइएको छ ।

विपद्का बेला ती कार्यदल आफैँ सक्रिय हुने र आफ्नो भूमिका निभाउने गरेका सामुदायिक विपद् व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र रेग्मी बताउँछन । “समुदायले आफ्नो क्षमता विकास गर्दै गएको छ। त्यसका लागि स्थानीय सरकार र सङ्घसंस्थाले तालिम, आवश्यक सामग्री सघाएका छन्”, उनले भने, “दुई वर्षअघिसम्म बाढी आउँदा पालिका आएर नागरिक उद्धार गर्नुपर्थ्यो। अहिले समुदायकै सक्रियतामा अत्यावश्यक सामग्रीसहित नागरिक, खाद्यान्न, वस्तुभाउ सबै उच्च घरमा सारिसक्छौँ ।”

बर्खामा अत्यधिक गर्मी तथा जाडोमा शीतलहरले सताउने हुँदा त्यहाँका नागरिक बहुप्रकोपको जोखिमको सामना गर्न बाध्य छन् । विगतका वर्षमा वर्षातमा कटान र डुबानको समस्या रहेकामा स्थानीयको पहलमा नदीमा तटबन्ध बनेपछि कटान रोकिए तापनि डुबानको समस्याले भने उस्तै सताउने रहेको अध्यक्ष रेग्मीको भनाइ छ। समुदायको क्षमता विकासका लागि पालिकासँगको सहकार्यमा प्राक्टिकल एक्सन र बी ग्रुपलगायतका सङ्घसंस्थाले सघाइरहेका छन् ।

सामुदायिक विपद् व्यवस्थापन समिति वैदीका सचिव भोजराज ढुङ्गानाका अनुसार वर्षात्का समयमा स्थानीय मोहना, पथरैया, काढा, कन्द्रा र कर्णाली नदी कयौँ गाउँबस्तीमा पसेर डुबान गर्दै आएको छ। पछिल्लो समय बाढीजन्य विपद्‌बाट जोगिन समुदायको सक्रियता बढ्दै गएपछि त्यसबाट जोगिन पूर्वसूचनाले सहज भएको छ। “मौसमसम्बन्धी सूचना नियमित सुन्ने र हेर्ने गरेका छौँ, सूचनाका आधारमा समुदाय सचेत हुन्छ”, उनी भन्छन, “समुदायमा सूचना संयन्त्र बनाइएको छ। माइकिङ गर्ने, साइरन बजाउने, झण्डा देखाउने र मोबाइलमा म्यासेज गर्दा एकैपटक जोखिममा रहेका सबैका घरमा सूचना पुग्छ।”

सामुदायिक विपद् व्यवस्थापन समिति वैदीका कोषाध्यक्ष वासुदेव कोइराला समुदायसँग विपद्‌बाट जोगिन आवश्यक सामग्री रहेकाले सहज भएको बताउँछन। “समुदायमा मासिक रूपमा बैठक हुन्छ, मौसमअनुसारका विपद्‌बारे छलफल हुन्छ। विपद्का सम्बन्धमा खडा गरिएको कोषमा रकमसमेत जम्मा गरिएको छ”, उनी भन्छन, “विपद्‌मा परी समस्यामा रहेका परिवारलाई त्यही कोषबाट राहत दिन्छौँ । सकेसम्म पालिकालाई गुहार्दैनौँ । सानोतिनो समस्या समुदायमै समाधान गरिन्छ।”

समुदायस्तरीय पूर्वसूचना कार्यदलका संयोजक सुशीला बस्नेतका अनुसार बर्खा लाग्नुअघि समुदायकै सक्रियतामा जेठ २२ गते विपद् सम्बन्धमा कृत्रिम घटना अभ्यास गरियो। “हामी बर्खाभरि स्वयंसेवकका रूपमा खटेका हुन्छौँ, विपद्का बेला सूचना र तथ्याङ्क महत्वपूर्ण हुन्छ”, उनी भन्छन, “हामीले समुदाय जोगाउन सूचनामा बढी ध्यान दिन्छौँ। जोखिममा रहेका गर्भवती, सुत्केरी, अपाङ्गता र ज्येष्ठ नागरिकको परिवारको तथ्याङ्कका आधारमा उद्धार गरिन्छ।”

टीकापुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख बलबहादुर रावल बाढीजन्य विपद्का बेला महामारी फैलन नदिन महिला स्वास्थ्य स्वयंसेविकाको सहयोग लिएर स्वास्थ्यकर्मीले सेवा दिने गरेको बताए। “यसपटक त हामीले पालिकाका सबै स्वास्थ्यकर्मीलाई समेत विपद्‌मा महामारी फैलनसक्ने जोखिम हुने भएकाले विपद् व्यवस्थापनसम्बन्धी तालिम दिएका छौँ”, उनी भन्छन, “जोखिमका बेला आफ्नो सुरक्षा र समुदायको सुरक्षामा कसरी ध्यान दिने भनी सिकाइएको छ।”

# शुक्लाफाँटा आसपासका हात्ती प्रभावित बस्तीमा स्वचालित बत्ती जडान



**युग संवाददाता**
**कञ्चनपुर, २३ असार ।**

शुक्लाफाँटा नगरपालिकाको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज आसपासका हात्ती प्रभावित क्षेत्रमा स्वचालित बत्ती जडानको काम सुरु गरिएको छ। निकुञ्जबाट बस्तीमा प्रवेश गर्ने जङ्गली हात्तीका कारण हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेशको संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सांसद विकास कोष) अन्तर्गत बत्ती जडान अभियान सुरु गरिएको हो ।

प्रदेशका पूर्वआर्थिक मामिलामन्त्री तथा प्रदेशसभा सदस्य बहादुरसिंह थापाले सोमबार स्वचालित बत्ती जडानका लागि आवश्यक सामग्री सम्बन्धित वडाध्यक्षलाई हस्तान्तरण गरे। ती सामग्री हस्तान्तरण गर्दै उहाँले मानव र वन्यजन्तुबीच बढ्दो द्वन्द्व न्यूनीकरणका लागि पूर्वाधारमा गरिएको लगानी दीर्घकालीन रूपमा प्रभावकारी हुने बताए।

निकुञ्ज आसपासका बस्तीमा रातिको समयमा पर्याप्त उज्यालो हुँदा जङ्गली हात्तीको गतिविधि समयमा थाहा पाउन सकिने, स्थानीयवासीले सतर्कता अपनाउन सक्ने तथा जनधनको क्षति कम गर्न सहयोग पुग्ने उनको भनाई छ।

विकास निर्माणसँगै नागरिकको सुरक्षा सुनिश्चित गर्नु पनि जनप्रतिनिधिको दायित्व भएकाले जोखिमयुक्त क्षेत्रमा यस्ता कार्यक्रमलाई प्राथमिकता दिइएको उनले उल्लेख गरे। पूर्वमन्त्री थापाका स्वकीय सचिव ज्ञानेश्वर जोशीका अनुसार शुक्लाफाँटा नगरपालिकाका वडा नं १, २, ३, ४, ५, ६, ७ र १२ मा गरी १०८ वटा स्वचालित बत्ती जडानको काम अगाडि बढाइएको छ।

बत्ती जडानसम्बन्धी सम्पूर्ण सामग्री वडामा पुऱ्याइसकिएको छ। बेदकोट नगरपालिकामा भने हात्ती प्रभावित वडाको छनोटपछि बत्ती जडान गरिने उनले जानकारी दिए। त्यसपछि मात्रै कति बत्ती जडान हुने भन्नेबारे जानकारी प्राप्त हुने बताए।

वडाध्यक्षले हात्तीको आवतजावत बढी हुने क्षेत्रको पहिचान गरी प्राथमिकताका आधारमा बत्ती जडानलाई अगाडि बढाएका छन्। शुक्लाफाँटा-६ का वडाध्यक्ष दानसिंह ऐरले हालसम्म आठ स्थानभन्दा बढी क्षेत्रमा बत्ती जडान गरिसकिएको र वडामा बाँकी बत्ती जडान दुई दिनभित्र सम्पन्न गरिने बताए।

निकुञ्ज आसपासका बस्तीमा वर्षौंदेखि जङ्गली हात्तीले रातिको समयमा बालीनाली नष्ट गर्ने, घरगोठमा क्षति पुऱ्याउने तथा सर्वसाधारणमाथि आक्रमण गर्ने समस्या दोहोरिँदै आएको छ। अन्धकारका कारण हात्तीको उपस्थितिबारे समयमै जानकारी नहुँदा स्थानीयवासी उच्च जोखिममा पर्ने गरेका छन्।

स्वचालित बत्ती जडान भएपछि साँझपखदेखि बिहानसम्म जोखिमयुक्त सडक तथा बस्ती वरपर पर्याप्त उज्यालो रहने भएकाले टाढैबाट हात्तीको गतिविधि देख्न सकिने शुक्लाफाँटा-४ का स्थानीय करनसिंह ऐरले बताए। यसले सर्वसाधारणलाई समयमै सुरक्षित स्थानमा जान, बालीनाली जोगाउन तथा आवश्यक परे सम्बन्धित निकायलाई तत्काल सूचना दिन सहज बनाउने उनले विश्वास व्यक्त गरे।

उज्यालोको व्यवस्थाले रातिको समयमा आवतजावत गर्ने सर्वसाधारणको सुरक्षा बढ्नुका साथै विद्यालय, स्वास्थ्य संस्था तथा ग्रामीण सडक प्रयोग गर्ने नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने सोही नगरपालिकाका वडा नं २ का नरेन्द्रप्रसाद जोशीले बताए। यसले वन्यजन्तुलाई अनावश्यक रूपमा उक्साउने वा मानवसँग आमनेसामने हुने अवस्था पनि केही हदसम्म कम गर्न मद्दत पुग्ने उनको भनाइ छ।

स्थानीयवासीले निकुञ्ज आसपासका जोखिमयुक्त क्षेत्रमा स्वचालित बत्ती जडानलाई सकारात्मक कदमका रूपमा लिएका छन्। बत्ती जडान कार्यक्रमलाई थप विस्तार गर्दै अन्य हात्ती प्रभावित क्षेत्रमा लागू गर्न आवश्यक रहेको स्थानीयले बताएका छन्। दुवै पालिकाका हात्ती प्रभावित क्षेत्रमा प्रदेश सरकारको बजेटमा मेसवायर जडान भइरहेको छ।

**बेलौरीमा ‘फायर हाइड्रेन्ट’ जडान**

आगलागीजन्य विपद्का कारण हुने जनधनको क्षति न्यूनीकरण गर्ने उद्देश्यले बेलौरी नगरपालिकाले नगरका मुख्य बजार क्षेत्रमा ‘फायर हाइड्रेन्ट’ जडान गरेको छ। नगरले बेलौरी, कलकता र गोकुलपुर बजारमा गरी तीन वटा फायर हाइड्रेन्ट जडान गरेसँगै आगलागी नियन्त्रणका लागि आवश्यक पानी तत्काल उपलब्ध गराउन सकिने भएको छ।

नगरपालिकाका विपद् सम्पर्क व्यक्ति अशोक पाण्डेयका अनुसार युनिसेफको सहयोगमा प्रत्येक हाइड्रेन्ट जडानका लागि करिब रु ७५ हजार खर्च भएको छ। एक साताअघि जडान सम्पन्न भई आवश्यक परीक्षणसमेत गरिएको छ।

“फायर हाइड्रेन्ट सडक किनार वा सार्वजनिक स्थानमा जडान गरिने पानी आपूर्ति प्रणाली हो”, उनले भने, “जसलाई खानेपानीको मुख्य पाइपलाइनसँग जोडिएको हुन्छ, आगलागी भएको अवस्थामा दमकलले ट्याङ्कीमा पानी भर्न समय खर्च नगरी सिधै हाइड्रेन्टमा पाइप जडान गरेर निरन्तर पानी आपूर्ति गर्न सकिन्छ।” यसले आगो नियन्त्रणको समय छोट्याउने र क्षति न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने उहाँले उल्लेख गरे।

पाण्डेयका अनुसार आगलागीको सुरुआती केही मिनेट अत्यन्त संवेदनशील हुने भएकाले पानीको सहज उपलब्धताले आगो फैलिन नदिइ नियन्त्रण गर्न ठूलो सहयोग पुग्छ। स्थानीय व्यवसायी, समुदाय र सरोकारवालालाई आगलागी नियन्त्रण, हाइड्रेन्टको संरक्षण तथा विपद् सचेतनासम्बन्धी कार्यक्रम नगरपालिकाले सञ्चालन गर्दै आएको छ। गोकुलपुरका स्थानीय बासिन्दा रामबहादुर चौधरीले बजार क्षेत्रमा फायर हाइड्रेन्ट जडान भएपछि आकस्मिक आगलागीको अवस्थामा तत्काल उद्धार तथा नियन्त्रण गर्न सहज हुने बताए।

# भेरी-बबईको...

मोडेर वर्षभरि ४० घनमिटरप्रति सेकेन्ड सिँचाइका लागि पानी उपलब्ध गराउने आयोजनाको लक्ष्य छ। यसरी बबई नदीमा थपिएको पानीको प्रवाहले विद्युत्गृहस्थलभन्दा करिब ४५ किलोमिटर दक्षिणमा अवस्थित बबई सिँचाइ आयोजनामा मिसाइने आयोजनाको डिजाइन छ।

यसबाट बाँके र बर्दियामा सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, साथै राष्ट्रिय ग्रीडमा विद्युत् पनि थप्ने योजना छ। भेरी-बबई नेपालमा पहिलो पटक टनेल बोरिङ मेसिन (टीबीएम) प्रयोग गरी सुरुङ निर्माण सम्पन्न भएको थियो। यस आयोजना अन्तर्गत सुर्खेतको गुर्भाकोट नगरपालिका-११ को चिप्ले स्थित भेरी नदीमा एक सय १४ मिटर लामो ब्यारेजसहित एक सय ८५ मिटर डीस्यान्डिङ बेसिन, ४.२ मिटर व्यास र १२.२ किलोमिटर लामो सुरुङमार्फत ४० घनमिटर प्रति सेकेण्ड पानी बबई नदीमा खसाल्ने योजना छ। भेरीगंगा नगरपालिका-५ हात्तीखाल स्थित पावरहाउसबाट ४६.८ मेगावाट क्षमताको विद्युत गृहबाट झण्डै चार सय गिगावाट आवर विद्युत उत्पादन हुनेछ। आयोजना सम्पन्न भएपछि विद्युत उत्पादनसँगै भेरी नदीबाट प्राप्त हुने ४० घनमिटर प्रतिक्षेण पानी निरन्तर रूपमा बबई नदीमा थप उपलब्ध हुनेछ।

यसरी बबई नदीको बहावमा थप पानीबाट बबई सिँचाइ आयोजनामार्फत बर्दिया र बाँके जिल्लाका करिब ३६ हजार हेक्टर तथा बबई मानखोला डाइभर्सन आयोजनामार्फत बाँके जिल्लामा थप १५ हजार हेक्टर गरी कुल ५१ हजार हेक्टर कृषि योग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा सुनिश्चित हुनेछ। बबई नदीमा उपलब्ध हुन आउने पानी मध्ये करिब १५ घनमिटर प्रतिक्षेण बहावलाई सिधै उपयोग गरेर अर्को बबई मानखोला डाइभर्सन आयोजना निर्माण गर्नेगरी अध्ययन सम्पन्न भइसकेको छ।

आयोजना विकासका सुर्खेतमा ७ भदौ २०६८ कार्यालय स्थापना भई आर्थिक वर्ष २०६८/०६९ मा निर्माण कार्य प्रारम्भ भएको थियो। निर्माण व्यवसायीसँगको सम्झौता अनुसार आयोनाले २८ मंसिर २०७७ मा पुर्णता पाइसक्नु पर्ने थियो। तर, विश्वव्यापी फैलिएको कोराना महामारीका कारण निर्माण सामग्रीको अभाव, ठेकेदारको लापरवाही तथा प्राविधिक कमजोरीले आयोजना झण्डै ६ वर्षपछि धकेलिएको छ।

आयोजना अद्यावधिक गुरुयोजना अनुसार आयोजनाको कुल लागत ३३ अर्ब १९ करोड ६६ लाख छ। हालसम्म कुल भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ५७ प्रतिशत रहेको आयोजनाका बाँकी काम सम्पन्न गर्न अझै दुईदेखि तीन वर्ष लाग्ने आयोजनाका सूचना अधिकारी हरिबहादुर थापाले जानकारी दिए।

हालसम्म आयोजनाको पाँच मुख्य ठेक्काहरू मध्ये पहिलो चरणको सुरुङ निर्माण कार्य सम्पन्न भइसकेको छ भने दोस्रो चरण अन्तर्गतको सिभिल निर्माण कार्य, तेस्रो चरण अन्तर्गतको हाइड्रो मेकानिकल निर्माण कार्य र चौथो चरण अन्तर्गतको इलेक्ट्रो मेकानिकल निर्माण कार्य कार्यान्वयनको चरणमा रहेका छन्।

त्यस्तै, पाँचौं चरण अन्तर्गतको प्रसारण लाइन निर्माण कार्यको वातावरणीय प्रभाव मूल्याङ्कन (इआईए) का लागि पूर्व स्वीकृति लिने प्रक्रियामा रहेको र सम्पन्न भएपछि खरिद प्रक्रियामा जाने तयारी आयोजनाले गरेको छ।

# नीति नचलाइकनै कर्जा विस्तारको लक्ष्यमा राष्ट्र बैंक

**युग संवाददाता**
**काठमाडौं, २३ असार ।**

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीतिमार्फत परम्परागत मौद्रिक उपकरण नचलाइकनै कर्जा प्रवाह विस्तार गर्ने रणनीति अघि सारेको छ।

ब्याजदर ऐतिहासिक रूपमा न्यून, बैंकिङ प्रणालीमा पर्याप्त लगानीयोग्य तरलता र नीतिगत दरहरू थप घटाउनुपर्ने आवश्यकता नरहेकाले राष्ट्र बैंकले यसपटक प्रक्रिया र नियामकीय सुधारमार्फत कर्जा प्रवाह बढाउने लक्ष्य लिएको हो।

मंगलबार सार्वजनिक मौद्रिक नीतिले स्थायी तरलता सुविधा, अनिवार्य नगद मौज्दात तथा वैधानिक तरलता अनुपातजस्ता प्रमुख मौद्रिक उपकरणहरू यथावत राखेको छ। बैंकिङ प्रणालीमा थप तरलता प्रवाह गराउन आवश्यक नदेखिएपछि यी नीतिहरू यथावत राखिएको हो। हाल रहेको स्रोतकै प्रभावकारी परिचालनमा जोड दिइएको छ।

हाल बैंकिङ प्रणालीमा करिब १३ खर्ब रुपैयाँ लगानीयोग्य पुँजी रहेको राष्ट्र बैंकको तथ्यांक छ।

निक्षेपको औसत ब्याजदर ३.३५ प्रतिशतमा झरेको छ भने कर्जाको औसत ब्याजदर ६.७३ प्रतिशतमा आइसकेको छ। यस्तो अवस्थामा ब्याजदर वा नीतिगत दर घटाएर थप प्रोत्साहन दिनुभन्दा कर्जा प्रवाहमा रहेका प्रक्रियागत अवरोध हटाउनु बढी प्रभावकारी हुने निष्कर्षमा राष्ट्र बैंक पुगेको देखिन्छ।

यही आधारमा राष्ट्र बैंकले आगामी आर्थिक वर्षमा ६ खर्ब रुपैयाँभन्दा बढी कर्जा विस्तार गर्ने लक्ष्य निर्धारण गरेको छ। यसका लागि बैंक तथा वित्तीय संस्थालाई लागू हुने निर्देशनहरू सरल, स्पष्ट र कार्यान्वयनमैत्री बनाइने मौद्रिक नीतिमा उल्लेख छ। विभिन्न समयमा जारी भएका निर्देशनहरू पुनरलेखन गरी एउटै ढाँचामा ल्याउने तयारी राष्ट्र बैंकले गरेको छ। यसले नियामकीय अस्पष्टता घटाउने अपेक्षा गरिएको छ।

कर्जा विस्तारलाई सहयोग पुऱ्याउने माध्यमका रूपमा रुग्ण उद्योग तथा दबाबमा परेका कर्जाको व्यवस्थापन गर्ने उल्लेख गरिएको छ। राष्ट्र बैंकले निष्क्रिय कर्जाको व्यवस्थापन तथा पुनरोत्थानका लागि नयाँ उपकरण ल्याउने घोषणा गरेको छ। यसबाट समस्यामा परेका तर सम्भावना भएका उद्योग-व्यवसायलाई पुनः सञ्चालनमा ल्याउने तथा बैंकहरूको निष्क्रिय कर्जा व्यवस्थापनमा सहजता हुने अपेक्षा गरिएको छ।

मौद्रिक नीतिपछिको पत्रकार सम्मेलनमा राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरु पौडेलले पुँजी दबाबमा रहेका बैंक तथा वित्तीय संस्थालाई आवश्यकताअनुसार हकप्रद सेयर निष्कासन गर्न दिइने बताए।

उनका अनुसार हालै मात्र एक बैंकलाई हकप्रद निष्कासनका लागि स्वीकृति दिइसकिएको छ। यस व्यवस्थाले नियामकीय पुँजी अभाव झेलिरहेका संस्थालाई बजारबाट थप पुँजी जुटाउने बाटो खुला हुने मानिएको छ।

बैंकिङ सेवामा पहुँच सहज बनाउन राष्ट्र बैंकले चेक अनादर (चेक बाउन्स) सम्बन्धी व्यवस्थामा पनि पुनरावलोकन गर्ने भएको छ। हाल कालोसूचीमा पर्ने करिब ८० प्रतिशत व्यक्ति तथा फर्म चेक अनादरकै कारण पर्ने गरेका छन्। यसले गर्दा ती वर्गले कर्जा लिन सक्ने अवस्था छैन। चेक अनादरका कारण मात्र कालोसूचीमा परी बैंकिङ सेवाबाट वञ्चित हुने अवस्था न्यूनीकरण गर्न आवश्यक नीतिगत तथा प्रक्रियागत सुधार गर्न लागिएको राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले बताए।

हाल कर्जाको सुरक्षणस्वरूप व्यक्तिगत जमानी (पर्सनल ग्यारेन्टी) लिँदा जमानीकर्तामाथि असीमित दायित्व सिर्जना हुने व्यवस्था छ। एउटै संस्थाले कर्जा लिँदा पनि एकभन्दा बढी लगानीकर्तालाई आवश्यकताभन्दा बढी दायित्वसहित जमानी बस्नुपर्ने अवस्थाले उनीहरूको भविष्यमा कर्जा लिने क्षमता प्रभावित हुँदै आएको छ। यही अवस्थालाई सुधार गर्न राष्ट्र बैंकले व्यक्तिगत जमानीसम्बन्धी व्यवस्थामा पुनरावलोकन गर्दै असीमित दायित्व घटाउने नीति लिएको तिमिल्सिनाले बताए।

## घुयँत्रो

हेडसरहरु, तपाईंहरलाई बधाई छ है। रास्वपाको दुई तिहाई र बालेनको सरकार के आउनुथ्यो तपाईंहरको त चाँदोमै आलुफल्न लेख्या रैछ के ! शिक्षा नियमाबलिले त अबदेखि कुनैपनि दलको सदस्यभा मान्छेलाई व्यवस्थापन समितियाँ नल्याउने भनेछि त स्कुलाँ त हेडसरकै त राज चल्ने भो त हैन र? गाउँघराँ यस्सो अलिकति बाठोटाँठो भन्या अलिअलि राजनीति गर्ने मान्छ्यै हुन। राजनीति भन्दा छुट्टै र बेग्लै अभिभाबक भन्या त केही नजान्ने कोरा मात्रै हैनकि पाउन दुर्लभ जिनिस नै होलान हैन र? अनि तिनै कोरा मान्छेलाईलेर स्कुल चलाउने भन्या हेडमास्टरकै हालि मुहालित होनि। आजसम्म कति व्यवस्थापन समिति चराएर आका हेडसरहरु, ऐल्या ऐन अनुसार बन्या एकसे एक खग्गड जनप्रतिनिधिलाई त कतिपय अबस्थाँ हेडसरहरले थाङ्नाँ सुताउँछन भने नियमावलि लागू भएछि बन्ने ब्यवस्थापन समिति त देख्दै टिठ लाग्दो हुने छाँटकाँट पो देखिँदैछ त। यसै त सरकारशि स्कुल चलाउन कति चन्दा र सहयोग चाहिन्छ निशुल्क शिक्षाका नाममा सरकारलेनि सिमित मास्टरको तलब वाहेक केही दिन्न। अभिभावकसित पैशा लिन खोज्यो सञ्जालका दलालहरु बुम तेर्स्याएर थर्काउन आउँछन। यो नयाँ सरकार आएछि त झन के को निशुल्क शिक्षा हुन्थ्यो। झन दरबन्दी कटौति र निजिश्रोताँ शिक्षक राख्नै नसक्ने अबस्था आएछि सरकारी स्कुलाँ झन धेरै विजोग होला जस्तो पो छ त ! हैन यो देशाँ जैले जैले नयाँ सरकार आउँछ त्यैले त्यैले यै शिक्षालाई मात्रै तारो गराउने किन होला के ! के सरकारका अरु निकाय छैनन सरकारी निसाना बनाउने ? माओवादिले युध्द चलाउँदादेखिनै निजि विद्यालय चल्न नदिने अभियान चलायका र चलाएर पैशा कमाईराका र कमाउँला भनेर ताकेर बसेका जतिको बिजोग गराएर निजि विद्यालय बन्द गराईदेछि सरकारी स्कुलले धान्नै नसक्ने गरि विद्यार्थीलाई स्कुलका कोठाँठेलेर गाईगोरु हुलेझैं हुलेका ती दिन सम्झिँदा माओवादिले अब कैल्यै निजि स्कुल चल्न देलान जस्तो लाग्थेन। तर, के गर्नु सरकाराँ गएछि त्यै माओवादिलाई उसको निजि स्कुल बन्द गर्ने नीति उसैलाई घाँडो भो र अन्तत बरु निजिस्कुलाट हप्ता अशुल्ने गरि स्कुल खोल्न दियो अनि अन्तत निजि स्कुल चले। त्यो ट्रायलमानि माओवादि असफलभो ऐले फेरि यो रास्वपाको सरकार निजि स्कुलाँ १० प्रतिसत कर लाउने भनेर तम्सियर फेरि शिक्षालाईनै ट्रायल गर्दैछ। निशुल्क सरकारी शिक्षा अनि निशुल्क गर्दा ब्यहोर्नु पर्ने आर्थिक श्रोत पनि नब्यहोर्ने अभिभाबकबाट नि शुल्क लिन नदिने सरकारी रबैयाले शिक्षा क्षेत्र सदैब अन्यौलमा छ। युवाहरुले सम्हालेको सरकारमा शिक्षाले कमसे कम नयाँ फडको मार्ने आश गरिरहेका बेला यसपटक नि एकातिर निजि विद्यालय शिक्षामा करको मारले अभिभाबकहरु पिल्सने भएका छन भने सरकारी विद्यालय व्यवस्थापन समितिको निर्माणमा शिक्षा नियमावलि हेर्दा अब सरकारी विद्यालयहरुको अबस्था दिनप्रतिदिन टुहुरो बन्दै गएको अनुभूति गरिँदैछ।यसले गर्दा अबको शिक्षा खस्किँदै जाने निश्चित छ। विद्यालयको प्रअ र व्यवस्थापन समितिको अध्यक्ष बीचको समन्वयले विद्यालय हाँक्न र आर्थिक श्रोत जुटाउन सकिने सम्भावना रहँदारहँदै पनि विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा वा समितिमा कुनैपनि राजनीतिक पाटिको सदस्य नभएको व्यक्तिमात्र योग्य हुने व्यबस्था नियमावलिमा गरिनुले एक पटक फेरि शिक्षा क्षेत्रमा हलचल पैदा हुने निश्चित छ। किनभने आजको समाजमा कुनै पनि राजनीतिक पाटिको सदस्य नभएको मानिस छैन र हुँदैन। तर सरकार भने गैरदलिय मान्छे खोज्दैछ।हेरौ सरकारले लिएको उदेश्य अनुसारको मान्छे सरकारी स्कुल चलाउन भेटिन्छ भेटिन्न अनि त्यो स्कुल कसरी गुणस्तरीय रुपमा सन्चालन हुन्छ र सरकारले सरकारी स्कुलाँ गर्व गर्छ।

# लुम्बिनीमा निर्माण सामग्री गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालन गर्न प्राधिकरण र निर्माण व्यवसायी महासंघबीच सम्झौता

**युग संवाददाता**
**दाङ ,२३ असार ।**

लुम्बिनी प्रदेशमा निर्माण सामग्रीको गुणस्तर परीक्षणलाई व्यवस्थित र विश्वसनीय बनाउन प्रदेश पूर्वाधार विकास प्राधिकरण र निर्माण व्यवसायी महासंघ, लुम्बिनी प्रदेशबीच साझेदारीमा निर्माण सामग्री गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालन गर्न समझदारीपत्रमा हस्ताक्षर भएको छ।

प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा मंगलबार सम्पन्न कार्यक्रममा प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत ई. छबिराज पोखरेल र निर्माण व्यवसायी महासंघ, लुम्बिनी प्रदेशका अध्यक्ष बलिभद्र रानाले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो।

समझदारीपत्रअनुसार प्रदेशभित्र सञ्चालन हुने पूर्वाधार विकास आयोजनाका लागि आवश्यक निर्माण सामग्रीको स्रोत पहिचान, गुणस्तर परीक्षण, उत्खनन, व्यवस्थापन तथा बिक्री वितरणलाई वैज्ञानिक, व्यवस्थित र व्यावसायिक बनाउने उद्देश्य राखिएको छ। यसका लागि सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमा कम्पनी स्थापना गरी निर्माण सामग्री गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालन गरिनेछ।

सम्झौताअनुसार स्थापना हुने कम्पनीले निर्माण सामग्रीको स्रोत पहिचान गर्ने, प्रयोगशालामार्फत गुणस्तर परीक्षण गर्ने, उत्खनन तथा व्यवस्थापनलाई व्यवस्थित गर्ने र निर्माण सामग्रीको बजारीकरणमा सहजीकरण गर्नेछ। यसबाट प्रदेशभित्र सञ्चालन हुने विकास आयोजनामा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गर्न सहयोग पुग्ने विश्वास गरिएको छ। प्रदेश सरकारको नेतृत्व अन्तरगत प्राधिकरण मार्फत सञ्चालन हुने यो प्रयोगशालालाई नेपाल सरकारले समेत मान्यता दिएको छ।

सम्झौताबमोजिम प्रदेश पूर्वाधार विकास प्राधिकरणले निर्माण सामग्रीका स्रोतहरूको अध्ययन तथा पहिचान गर्ने, गुणस्तर परीक्षणको व्यवस्था मिलाउने, उत्खननका लागि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अघि बढाउन प्रदेश र संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय गर्ने, कम्पनी दर्ताको प्रक्रिया पूरा गर्ने तथा प्रयोगशाला स्थापनाका लागि आवश्यक जग्गा व्यवस्थापनमा पहल गर्नेछ। कम्पनी स्थापनाका लागि आवश्यक लगानीमध्ये ६७ प्रतिशत प्राधिकरणले व्यहोर्नेछ।

## उद्योग खारेजीको सूचना


उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा श्री अम्मर बहादुर थापा धनि रहेको, दर्ता नम्बर १०७९/०६५/०६६ बाट वी.न.नपा-०३, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको सिसिर चिउरा एण्ड राईस मिल नामको प्राइभेट उद्योग हाम्रो घरायसी कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैत्तिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शूल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एएपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लास्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाइटेक, हाइटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)


Book & Copy Printing

Packaging Box Printing

Wedding Card Printing

Stamp

Fiber Bag Printing
हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।